Received Date: Oct. 2022 Revised: Nov. 2022 Accepted: Dec. 2022

# 'एक अर्को खाडल' कथामा समाख्यानात्मक वाच्यत्व

**महेन्द्र वाग्ले**
उपप्राध्यापक (नेपाली)
म.ब. क्याम्पस, नेपालगन्ज, नेपाल
Email : sajalwagle@mail.com
Doi : https://doi.org/10.3126/ppj.v2i2.53173

**सार**

*महेशविक्रम शाहद्वारा लिखित 'एक अर्को खाडल' कथा दशवर्षे द्वन्द्वकालमा भएको मानवीय क्षतिले निम्त्याएको दुःख, पीडा र मानसिक असन्तुलनलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा द्वन्द्वको पीडा असहय हुने हुँदा मानव र मानवीयताका लागि शान्तिको आवश्यकता रहेको सङ्केत गरिएको छ । यसमा कथालाई पाश्चात्य मान्यतामा स्थापित समाख्यानात्मक वाच्यत्वलाई आधार बनाएर समाख्याताको पहिचान र समाख्यानमा वाच्यत्वको अध्ययन गरिएको छ । यो लेख वाच्यत्वको केन्द्रमा रही समाख्यानको विचार, भाव तथा कथ्यको विषय केकस्तो रहेको छ भन्ने समस्यामा आधारित छ । समाख्यानको सिद्धान्तलाई नै अध्ययनको केन्द्र बनाइएको हुँदा यस लेखमा सामग्री सङ्कलन गरी कथाको अध्ययन तथा विश्लेषण गर्न पुस्तकालयलाई आधार बनाइएको छ । यसमा समाख्यानात्मक वाच्यत्वले निर्देश गरेको समालोचनाको प्रचलित ढाँचालाई विश्लेषणको आधार बनाइएको छ ।यस लेखमा कथाको विश्लेषणको क्रममा समाख्याताको पहिचान गर्दा 'ऊ' पात्र भोक्ता र कर्ता रहेको, 'ऊ' पात्रको बारेमा एकल समाख्याताले कथा भनेको, परकथानात्मक, सर्वज्ञ, तृतीय पुरुष, खुलाको अपेक्षा बन्द समाख्याता रहेको छ साथै समाख्यानमा मानवीय क्षतिलाई यथार्थ रूपमा प्रस्तुत गरी सशस्त्र द्वन्द्वको दुःख र पीडा अब मानवजातिले कहिल्यै भोग्नु नपरोस् भन्ने वाच्यत्व व्यक्त गरिएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : कथा वाचक, बन्द समाख्याता, सर्वज्ञ, भोक्ता, परकथानात्मक ।

**विषय परिचय**

समाख्यान खण्डकाव्य, महाकाव्य, उपन्यास, कथा आदि भएको आख्यानात्मक पाठ हो भन्ने धारणा सूक्ष्म अर्थको आधार हो भने कथा केन्द्रमा रहेको साहित्य वा साहित्येतर सबै विषय समाख्यान हो भन्ने धारणा वृहत् अर्थको आधार हो । पाश्चात्य विद्वानहरूको समाख्यान सम्बन्धमा आआफ्नै मत रहेको छ । जेराड जेनेटले आख्यानात्मक पाठलाई समाख्यान भनेका छन् । रोला वार्थ, च्याटमेन र बलले जुनसुकै कथायुक्त संरचनालाई समाख्यान भनेको पाइन्छ (न्यौपाने, २०६९ पृ. ४२) । यसको अर्थ प्रस्तुतिमा कथा हुने जुनसुकै विधालाई पनि समाख्यान भन्न सकिन्छ । यसमा उपन्यास, चलचित्र, प्रहसन, संवाद, तस्बिर, खण्डकाव्य, महाकाव्यजस्ता आख्यानात्मक संरचना भएको विधा पर्छन् । पाश्चात्य साहित्य समालोचनाको नवीन पद्धति समाख्यान हो र आख्यानको सैद्धान्तिक अवधारणको व्याख्या गर्ने शास्त्र आख्यानशास्त्र हो । यसलाई अङ्ग्रेजीमा न्यारेटोलोजी (Narratology) भनिन्छ । समाख्यानको इतिहासलाई नियाल्दा अरिस्टोटल (३८४-३२२ ई.पू.) सम्म पुग्न सकिन्छ । उनले साहित्यलाई आख्यानमूलक र अनुकरणमूलक गरी दुई प्रकारमा विभाजन गरेका छन् । आख्यानात्मक विधाका रूपमा अङ्ग्रेजीमा Narrative शब्दको प्रयोग सर्वप्रथम सन् १९६६ मा फ्रेन्च पत्रिका 'कम्युनिकेसन'बाट सुरु भएको हो तर समाख्यानशास्त्र सिद्धान्तको प्रयोग भने सन् १९६९ देखि सुरु भएको हो । फ्रेन्च भाषामा भने तोदोरोभले Narratologie शब्दको प्रयोग यो समयभन्दा पहिले नै गरेका थिए । वर्तमान समयमा मनोविश्लेषणात्मक समाख्यानशास्त्र, उत्तरसंरचनावादी समाख्यानशास्त्र, नारीवादी समाख्यानशास्त्र, सांस्कृतिक समाख्यानशास्त्र आदि जस्ता समाख्यानशास्त्रका विभिन्न शाखाहरू विकसित भएका छन् । समाख्यानमा वाच्यत्वको विषय नेपाली साहित्य तथा समालोचनामा त्यति नवीन विषय नभए पनि पुरानो पक्कै होइन । जेनेटका अनुसार समाख्याताका माध्यमबाट

नै श्रोता वा पाठकसँग समाख्यानात्मक विचार, भाव वा कथ्य विषयको सञ्चार सम्पर्क स्थापित हुने हुँदा आख्यानात्मक सङ्कथनको समाख्याता नै वाच्यत्व हो (गौतम, २०६९ पृ. १) । यस आधारमा समाख्यानमा श्रोता वा पाठकसँग समाख्यानले प्रस्तुत गर्न खोजेको खोजेको कुरा तथा विषयवस्तु पनि आउने हुँदा आख्यानात्मक सङ्कथनमा जुन समाख्याता हुन्छ, उही नै वाच्यत्व भएको हुन्छ भन्ने हुन्छ ।

महेशविक्रम शाह (२०२२) को व्यक्तित्व साहित्यको विविध क्षेत्र (कविता, निबन्ध, समालोचना, जीवनी लेखन) मा रहेतापनि विशेष गरेर कथा क्षेत्रमा नै महत्त्वपूर्ण उचाइ हासिल छ । मुलुकले १० वर्षसम्म भोगेका द्वन्द्वको पीडा र त्यसबाट परेको प्रभाव र असर जसलाई तथा आफ्नो विभिन्न क्षेत्रको जागिरे बसाइका क्रममा तत् स्थानमा घटेका घटनाक्रमको जालो बुन्दै बनेका कथालाई नै आफ्नो कथाको विषयवस्तु बनाउने उनी समसामयिक विषयवस्तु चयन गर्न रुचाउने सशक्त साहित्यकार हुन् । उनका *सटाहा* (२०५३),. *सिपाहीकी स्वास्नी* (२०५९) *अफ्रिकन अमिगो* (२०६०) *छापामारको छोरो* (२०६३) महत्त्वपूर्ण कथासङ्ग्रहरू हुन् । यीमध्ये *छापामारको छोरो* कथासङ्ग्रहले द्वन्द्वकालको विषयलाई समेटेको छ । उनी यथार्थवादी कथाकार हुन् । उनी जनमानसका दुःखलाई अत्यन्त नजिकबाट सुक्ष्म चेतनाले सुँघ्न सक्छन् । त्यही जीवन्तलाई पाठक समक्ष प्रस्तुत गर्न सक्छन् (भट्टराई, २०६३ भू.) । यसर्थ उनका कथाहरूका विषयवस्तु नेपाली आँगनका हुने र नेपालीले भोगेका दुर्दान्त कष्ट, यातना, पीडा, तनावा, साङ्घातिक हमला, क्षति र मृत्युका हुने गर्छन् । उनका कथामा पाठकको मनमुटुलाई हल्लाइदिने शक्ति रहेको छ । नेपाली साहित्यको आकाशमा महेशविक्रम शाहका द्वन्द्वकथाहरूले नेपाली साहित्यलाई धेरैधेरै माथि उठाएको छ (मल्ल, २०६३ : भू.) भन्ने भनाइ उनका यही विशेषताको अर्थमा लिन सकिन्छ । उनको यस्ता विशेषतामा 'एक अर्को खाडल' कथा पनि एक हो ।

वाच्यत्व नेपाली साहित्य र समालोचनाको क्षेत्रमा नवीन अवधारणा नभएपनि पूरानो पनि पक्कै भइसकेको छैन । यसका सम्बन्धमा केही अनुसन्धान र शोध भएका छन् तथापि उल्लेख्य रूपमा प्राज्ञिक बहस हुन बाँकी नै रहेको छ । महेशविक्रम शाहका कथाहरूलाई परम्परागत रूपमा शैली वैज्ञानिक र अन्य आधारमा विश्लेषण गरिएको र केही कथालाई समाख्यानशास्त्रीय अध्ययनको शीर्षकअन्तर्गत राखेर अध्ययन गरिएको भए पनि 'एक अर्को खाडल' कथालाई वाच्यत्वको आधारमा विश्लेषण नगरिएको अवस्थामा वाच्यत्वको आधारमा नेपाली समालोचनाको क्षेत्रमा यस कथाको विश्लेषणको प्राज्ञिक महत्त्व निकै रहेको छ । यस परिप्रेक्षमा महेशविक्रम शाहको 'एक अर्को खाडल' कथा वाच्यत्वको आधारमा विश्लेषण योग्य कथा भएको र यसले प्राज्ञिक कार्यमा थप योगदान पुऱ्याउन सक्ने भएकाले वाच्यत्वलाई आधार बनाएर यस कथालाई विश्लेषण गरिएको छ ।

## समस्याकथन र उद्देश्य

'एक अर्को खाडल' कथामा समाख्यानात्मक वाच्यत्व अध्ययन आफैमा गहन र महत्त्वपूर्ण विषय हो । कथाको अध्ययन र विश्लेषण पाश्चात्य र पूर्वीय दुबै बाद तथा समालोचना प्रणालीका आधारमा हुँदै आएको छ । कथाको अध्ययन र विश्लेषण गर्ने क्रममा समाख्यानाका विभिन्न आधारहरू निर्धारण गरेर समालोचना गर्ने र लेख तथा शोधकार्यहरू पनि भइरहेका छन् । महेशविक्रम शाहका कथाहरूमा पनि समाख्यानशास्त्रीय आधारमा समालोचना तथा अध्ययन भइरहेका छन् तथापि वाच्यत्वको आधारमा 'एक अर्को खाडल' कथाको अध्ययन र विश्लेषण प्राज्ञिक आधारमा अध्ययनीयविषय बनेको छ । 'एक अर्को खाडल' कथा दश वर्षे जनयुद्धमा भएको मानवीय क्षतिलाई विषय बनाएर लेखिएको कथा हो । यसमा युद्धमा जाँदा युद्धमा मारिएका व्यक्तिहरूलाई खाडल खन्ने 'ऊ' पात्रको शारीरिक र मानसिक अवस्थाको साथै युद्धको कहाली लाग्दो अवस्था, डर, त्रास, दुःख, पीडा, छटपटी, पिर, चिन्ता, तनाव आदिलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यसमा कथाको समाख्याताले 'ऊ' पात्रको मानसिक अवस्था र परिस्थितिगत वातावरणको सन्दर्भ प्रस्तुत गरेर कथामा आख्यानात्मक वाच्यत्वलाई आकर्षक तुल्याएको छ । यस्तो वाच्यत्वको प्रयोगले समाख्यानको विचार, भाव तथा कथ्य विषयमा स्पष्टता आएको हुनाले वाच्यत्वको प्रयोग के कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रही समाख्याताको पहिचान र वाच्यत्वको अध्ययन गर्ने उद्देश्यका साथ यो लेख तयार गरिएको हो ।

## अध्ययन विधि

प्रस्तुतअध्ययन पूर्णरूपमा सैद्धान्तिक आधारमा कथाको विश्लेषणमा केन्द्रित रहेको छ । 'एक अर्को खाडल' कथालाई अध्ययन र विश्लेषण गर्ने क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनको प्रमुख स्रोत पुस्तकालयलाई बनाइएको छ । लेख विश्लेषणको क्रममा प्राथमिक स्रोतको रूपमा कथालाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा यस अध्ययनसँग सम्बन्धित लेख, समालोचना, शोधपत्रतथा विज्ञ व्यक्तित्वहरूका सुझावहरूलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । यो अध्ययन कथामा वाच्यत्वको विश्लेषण गर्दा समाख्याताको पहिचान र समाख्यानमा वाच्यत्व शीर्षकमा विभाजन गरी समाख्यानको सिद्धान्तलाई नै अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ । समस्याकथनमा उल्लेख भएकाआधारमा समस्या समाधानका लागि समाख्यानसँग मात्र सम्बन्धित समाख्यानात्मक वाच्यत्वले निर्देशगरेको र पाश्चात्य साहित्य समालोचनामा प्रचलित रहेको विश्लेषणको ढाँचालाई समेत आधार मानिएको छ ।

## अर्थापनको ढाँचा

समाख्यान शास्त्रअन्तर्गत रहेर समाख्यानात्मक वाच्यत्वको दृष्टिले अध्ययन गर्न सकिने कथाहरूमध्ये महेशविक्रम शाहको 'एक अर्को खाडल'पनि एक हो । दशवर्षे जनयुद्धको कहालीलाग्दो अवस्था र मानवीय क्षतिलाई विषय बनाएर प्रस्तुत गरिएको यो कथा कथ्य विषय तथा विचारको आधारमा उत्कृष्ट छ । यसमा समाख्यानशास्त्रीय मान्यतामा आधारित वाच्यत्व, समाख्यानात्मक तह, सङ्केन्द्रण, काल व्यवस्था आदि जस्ता विविध विषयलाई पहिल्याई अध्ययन र विश्लेषण गर्न सकिने देखिन्छ तथापि यहाँ समाख्यानात्मक वाच्यत्वलाई आधार बनाइएको छ । यसमा समाख्यानात्मक वाच्यत्वसँग मेल खाने कथासन्दर्भहरूलाई आधार बनाएर कथाको अध्ययन र विश्लेषण गर्न सकिने भएकाले कथालाई वाच्यत्वको कोणबाट अध्ययन र विश्लेषण गर्दा प्रयोग गरिएको अर्थापनको ढाँचालाई यसरी प्रस्तुत गर्न गरिएको छ :

| ढाँचाक्रम | शोध्यप्रश्न | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | 'एक अर्को खाडल' कथालाई समाख्यानात्मक वाच्यत्वको आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ? | १.१.'एक अर्को खाडल' कथामा समाख्याताको पहिचान,<br>१.२. समाख्यानमा वाच्यत्व । |

## पाठको विश्लेषण

'एक अर्को खाडल' कथालाई विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न सकिने भएपनि यस लेखमा मुख्य रूपमा सामाख्यानशाास्त्रीय आधारमा विश्लेषण गरिएको छ । यस आधारमा विश्लेषण गर्दा समाख्यानात्मक वाच्यत्व मुख्य केन्द्र बनाइएको छ । समाख्यानात्मक वाच्यत्वको विश्लेषणको क्रममा समाख्याताको पहिचान र समाख्यानमा वाच्यत्व शीर्षकमा समाख्याता को हो र समाख्यानमा वाच्यत्व कसरी आएको छ ? भन्ने अध्ययनको विषय बनेको छ । 'एक अर्को खाडल'कथामूलतः दशवर्षे जनयुद्धको कारण मानिसमा परेको मानसिक र शारीरिक पिडाको साथै मानवीय क्षतिको विषयमा केन्द्रित कथा हो । यसमा 'ऊ' पात्रलाई मुख्य केन्द्र बनाएर आख्यानको विषय अगाडि बढेको हुँदा यही आधारमा समाख्याताको पहिचान र समाख्यानमा वाच्यत्वको अध्ययन र विश्लेषण गरिएको छ ।

### (क)कथाको सन्दर्भ

'एक अर्को खाडल' कथा वि.सं. २०६३ सालमा प्रकाशित *छापामारको छोरो*कथा सङ्ग्रहमा सङ्ग्रहीतकथाहरूमध्ये एक उत्कृष्ट कथाहो । यस कथामा दश वर्षे द्वन्द्वकालमा देखिएको मानवीय क्षति र तत्कालीन यथार्थलाई प्रस्तुत गरिएको छ । कथाको विषयवस्तु युद्धको सन्दर्भसँग जोडिएको छ । तत्कालीनदश वर्षे द्वन्द्वको समयमा छापामारहरू युद्धको मैदानमा छन् । रातको अन्धकारमा 'ऊ' पात्रले छिटोछिटो कोदालोले खाडल खनिरहेको थियो । सशस्त्र छापामारहरूको टोली त्यस ठाउँमा करिब पाँच छ घण्टाको पट्यारलाग्दो हिडाइको पश्चात् पुगेका थिए । सैयौ सङ्ख्यामा पुगेका छापामारहरूको टोलीमा डोको र कोदालो बोक्नेहरूको पनि सङ्ख्या पुग नपुग सय

थियो । त्यसमध्ये 'ऊ' पात्र पनि लडाइमा मर्नेहरूका लागि छापामारहरूलाई दुश्मनले चाल नपाउने गरी खाडलमा पुर्नु उसको पनि दायित्व थियो । उसले खाडल खन्दाखन्दै आफ्नो जिम्मेवारी कठोर, हृदयविदारक भएको र खाडल युद्धको महान दर्शन भएको कल्पना गऱ्यो । उसले खाडल खन्दा खन्दै युद्धमा गोली लागेर भकाभक भुइँमा ढल्ने शरीर र मारिने मानिसहरू सलाम ठोक्नु पर्ने कमरेडहरू र सहकर्मीका शरीरहरू हुनेछन् भन्ने अनुमानले ऊ मन उद्वेलित भयो । रातको अन्धकारले गर्दा उसले कहाँ खाडल खनिरहेको थियो भन्ने थाहा थिएन तर क्षतविक्षत भएका छापामारहरूका लासहरू आउनु पूर्व नै खाडल खन्नु पर्दछ भन्ने मात्र थाहा थियो । ऊ खाडल खन्दै भावुक बनिरह्यो । उसले यस्ता खाडल कति खन्यो कति हेक्का छैन । उसले पुरेका शरीरहरू विभिन्न रूप, बनोट र वर्णका थिए । ती मध्ये उसले कसै कसैलाई मात्र चिन्थ्यो । खाडल खन्दै उसले खनेको पहिलो खाडलमा गोलीले क्षतविक्षत खोलाको बगरमा अरु दुर्गन्धित लासहरूसँगै फेला पारेको उसका बा भएको उसले सोच्यो । त्यसपछि उसले सबै मौषममा खाडल खन्यो र सम्झियो आफ्नै दौतरकी कलिली, खमाउँखाउँ र लाउँलाउँ उमेरकी आफ्नी सहकर्मी साथीलाई जसले डोको बोक्थी । ती महिला सहकर्मीसँग उसको छोटो समयमै माया बसेको थियो । उनलाई छातीमा गोली लागेर ठहरै भई डोकोमा खाँदेर खाडलमा पुरिनका लागि ल्याउँदा ऊ पहिलो पटक डाँको छोडेर रोएको थियो । उसको यो खाडल खन्ने काम कहिल्यै रोकिएन । बरु खाडल झन चौडा, गहिरा र लामा खनिँदै गए । नयाँ खाडलले पुराना राडलको इतिहासलाई विस्तापित गर्दै गए । उसलाई आफूले देखेको सपना पनि एकदिन यसरी आफूसँगै खाडलमा पुरिने आभासले ऊ झन भावुक भएको थियो । उसलाई शारीरिक परिश्रमको सँगसँगै मानसिक चिन्ता पनि थियो । लडाकू छापामारको टुकडी बतासिदै लडाइका लागि गएको कल्पनामा ऊ पुनः स्फूर्त हुन्थ्यो र खाडल खन्न लाग्दथ्यो । युद्ध लडेर नै संसार जित्ने मधुर सपनाले ओतपोत भएका ती आदर र माया गर्ने मायालु अनुहारहरू क्षतविक्षत भएर खाडलमा ल्याएको कल्पनाले ऊ लुगलुग काम्न थाल्थ्यो । उसले कमरेडले ईश्वर नभएको बताए पनि आज उसले ईश्वरसँग युद्धमा साथीहरू सकुशल रहून भन्ने कामना गरिरहेको थियो । घमासान लडाइँ भएपछि डोको बोक्नेहरूले पालैपालो आफ्ना डोकाहरू खडलमा घोप्ट्याउँदा उसले मानिसहरूलाई चिन्ने प्रयास गर्दै थियो । केही समय अगाडि जोसले हात उचालिरहेका युवा र युवतीहरूलाई अहिले निर्जिव लासमा परिणत भएको देखेर उसलाई अथाह वेदना भयो । उसले आँखाभरि आँसु पार्दै छापामारहरूका लास हेरिरहेको थियो र डोकामा लासहरू बोकेर अर्को हुल फेरि आयो तर लासका लागि अर्को खाडल थिएन । कमरेडले आज हाम्रो धेरै क्षति भए जस्तो छ छिटो अर्को खाडल खन भनेर चिच्याउँदा उसले फेरि एउटा अर्को खाडल खन्न थाल्यो । यसरी कथामा उनीहरू किन मरे ? कसका लागि मरे ? मरेर उनीहरूले के पाए ? आफ्ना छोराछोरीलाई गुमाएर उसका बाबु के पाए ? र आफ्नो कोखकी बाबुनानीलाई आहुति दिएर उसकी आमाले पनि के हासिल गरिन् ? भन्ने प्रश्नमा केन्द्रित युद्धले गर्दा उब्जेको मानसिक विक्षिप्तता, असन्तुलन साथै द्वन्द्वको पीडा समाख्यानकै विषय बनेको छ ।

## 'एक अर्को खाडल' कथामा समाख्यानात्मक वाच्यत्व

### (क) समाख्याताको पहिचान

आख्यानमा समाख्यानात्मक सङ्कथनले समाख्याताको पहिचान गराउने गर्दछ । समाख्याताको बुझाइ बारे समाख्याता लेखक हो, समाख्याता सर्वज्ञ, अवैयक्तिक र सचेत हुन्छ, समाख्याताले पात्रले कति देख्दछ र जान्दछ त्यसैले सर्वदशी हुँदैन (गौतम, २०६९ पृ. १)भन्ने तीन अवधारणा रहेका छन् । समाख्याता पाठको वर्णनकर्ता हो । पाठमा समाख्याता आफै कर्ताका रूपमा वा भोक्ताका रूपमा आउन सक्छ र नआउन पनि सक्छ । आफै भोक्ताको रूपमा आउँदा सममाख्यानमा म वा हामीको माध्यमबाट समाख्यान प्रस्तुत भएको छ भने त्यो प्रथम पुरुष समाख्याता हुन्छ भने भोक्ताको रूपमा अरु भई म वा हामीको माध्यमबाट समाख्यान प्रस्तुत भएको छैन भने तृतीय पुरुष समाख्याता हुन्छ । यस आधारमा समाख्याता पाठभित्र वा पाठबाहिर दुबै किसिमबाट आएको हुन्छ । पाठभित्र आउने समाख्याता प्रथम पुरुष हुन्छ भने पाठबाहिर आउने समाख्याता तृतीय पुरुष हुन्छ । यस आधारमा समाख्याता प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् ।

प्रथम पुरुष (म वा हामी) का रूपमा आएको समाख्याता प्रायः खुला समाख्याता हुन्छ (शर्मा. २०६९ : १८) । यो पाठमा पात्रको उपस्थितिको आधार हो । त्यसै गरी तृतीय पुरुषका रूपमा आएको समाख्याता प्रायः बन्द समाख्याता हुन्छ । यो पनि पात्रको उपस्थितिको आधार नै हो । प्रथम पुरुष समाख्याता समाख्यानमा आफ्नो बारेमा

बढी जानकारी दिन्छ र तृतीय पुरुष समाख्याता समाख्यानमा आफ्नो बारेमा कम जानकारी दिई अरुको बारेमा खुलाउन आएको हुन्छ । तथापि प्रथम पुरुष समाख्यानमा आफ्नो बारेमा कम जानकारी दिएर अरुको बारेमा बढी जानकारी दिएको पनि हुन सक्दछ ।यसो हुनाले समाख्यानमा समाख्याता खुला र बन्द दुबै हुन सक्दछ । यस्तो अवस्थामा यसको पहिचान गर्ने मुख्य आधार भनेको सापेक्षतामा आफ्नो वा अरुको बारेमा जानकारी बढी कसको प्रयोग छ भन्ने नै हो ।

'एक अर्को खाडल' कथामा कथाकार महेशविक्रम शाहलेको द्वन्द्वकालमा युद्धको विषयवस्तुमा आधारित कथा हो । यस कथामा समाख्याता स्वयं कथाको पात्रको रूपमा क्रियाशील नभई 'ऊ' पात्र र उसको मानसिक अवस्था साथै पूर्वस्मृतिलाई प्रस्तुत गरिएको छ । 'ऊ' पात्रले खाडल खन्ने कार्य आफ्नो बाबुलाई खाडलमा पुरेदेखि अहिलेसम्म निरन्तर गर्दै आएको छ । यसमा 'ऊ' पात्रको र उसको अवस्थाको वर्णन समेत गरिएको हुनाले तृतीय पुरुष समाख्याता रहेको छ । यसलाई निम्न साक्ष्यले स्पष्ट पार्न सकिन्छ :

*साक्ष्य १*

यसले खाडल खन्दै आफूलाई दिइएको जिम्मेवारी मनन गऱ्यो । 'उफ्, कति कठोर र हृदयविदारक छ यो काम !' आफ्नो जिउँदा कमरेडहरूलाई केही समयपछि मृत्यु अगाल्ने सम्भावनाका साथ ऊ खाडल खनिरहेको छ । मानौँ खाडल युद्धको महान् दर्शन हो र खाडलमा पुरिने सम्भावनालाई स्वीकार गर्नु युद्धको आधारभूत सिद्धान्त हो । (पृ ६७)

*साक्ष्य २*

'मैले सायद बिर्सें बाको अनुहार र तयो क्रूर मृत्युको कारणलाई पनि ।' उसको मस्तिष्कमा बाको धूमिल आकृति सलबलायो, तर उक्त आकृति छिट्टै धमिलियो । बाको त्यो निर्जीव आकृति उसले खनेको पहिलो खाडलले छोपियो । र, त्यसपछि सिलसिलाबद्ध रूपमा उसको मस्तिष्कमा आए उसले खनेका अनिगन्ती खाडलहरू जहाँ ऊ निरन्तर युद्धमा मरेका आफ्ना सहयात्रीहरूलाइ पुर्दे आइरहेको छ । (पृ ६९)

*साक्ष्य ३*

ऊ मनमनै चिन्तातुर भइरहेको थियो । समयमै खाडल खनेर सकिँदैन कि भन्ने पिरलोले ऊ रन्थनिएको थियो । 'आज फेरि यस खाडलमा ककसलाई पुर्नुपर्ने मैले ! ' उसले आफूले चिनेका छापामारका नामहरू सम्झ्यो । तिनका अनुहारहरूलाई स्मरण गर्ने प्रयास गऱ्यो- गोरा, काला, बाटुला, लाम्चा, नेप्टा, थेप्चे र चुच्चे अनुहारहरू!आफूझैँ सबै गाउँले नेपाली अनुहारहरू। (पृ ७१)

*साक्ष्य ४*

"कहाँ छ खाडल ?"कसैको चर्को आवाज सनेर ऊ झस्कियो । ऊ नजिकै एक हूल डोकेहरू खाडलतर्फ बढिरहेका थिए ।

"खाडल यहाँ छ कमरेड!" ऊ पनि जोडले करायो ।

डोको बोक्नेहरूले पालैपालो आफ्ना डोकाहरू खाडलमा खोप्टयाए । डोकोबाट उछिट्टिएका रक्तमुछेल लासहरूलाई आफ्ना विस्फारित नेत्रले नियाल्दै उसले चिन्ने प्रयास गऱ्यो । (पृ७२)

यसरी 'एक अर्को खाडल' कथाको समाख्याताले 'ऊ'पात्रको बारेमा र परिस्थितिको वर्णन गरेको छ । कथामा समाख्याताले उसको बारेमा प्रशस्त सूचनाहरू दिएको छ । यहाँ सूचनाहरूको माध्यमबाट वाह्य व्यक्तिलाई र कथाको सन्दर्भमा पनि केन्द्रित भई तत्कालीन परिस्थितिलाई स्पष्ट रूपमा खुलाएको छ । यहाँ कथाको समाख्याता पुरुष वा स्त्री भन्ने स्पष्ट छुट्याउने आधार नभएको हुनाले समाख्याता पुरुष वा स्त्री जुन पनि हुन सक्ने देखिन्छ । यहाँ 'ऊ' पात्र नै घटनाको कर्ता र भोक्ता हो भने समाख्यातालाई'ऊ' पात्रको बारेमा सबै कुराको जानकारी भएको हुनाले सर्वज्ञ समाख्याता भएर आएको छ । यसमा आफूलाई सन्दर्भ बनाएको छैन र 'ऊ' पात्रको सन्दर्भलाई प्रस्तुत गरेको हुनाले तृतीय पुरुष समाख्याता रहेको स्पष्ट हुन्छ । यहाँ कुनै सम्बोधितलाई सम्बोधन नगरी तटस्थ वाच्य तथा शैलीको प्रयोग गरिएको छ र 'ऊ' पात्रको सेरोफेरोमा घटना, परिस्थिति, परिवेश र मानसिक अवस्थाको चित्रणबाट युद्धको पीडा, त्रसित वातावरण र मानवीय क्षतिबाट परेको आघातको समेत सूचना दिएको हुनाले तृतीय पुरुष बद्ध समाख्याता रहको छ ।

**(ख) समाख्यानमावाच्यत्व**

समाख्यानात्मक वाच्यत्व व्याकरणिक वाच्यत्वभन्दा भिन्न रहेर कथयितासँग सम्बन्धित भई कसले कथा भन्दै छ ? र के भन्दै छ (भाव वा विचार) ? भन्ने विषयसँग रहेको हुन्छ । समाख्याता प्रत्यक्ष्य रूपमा उपस्थित नभए पनि दिमागको कानका माध्यमबाट पाठभित्र रहेको समाख्याताको आवाज सुन्न सकिन्छ र त्यसको माध्यमबाट समाख्याताको अवस्था, परिवेश, मूल्यदृष्टि, विचार आदि थाहा पाउन सकिन्छ । यही समाख्यातालाई जेनेटले वाच्यत्व मानेका छन् ( शर्मा, २०६९,पृ. १८) । यस अर्थमा लेखकले प्रस्तुत गरेर श्रोता वा पाठक समक्ष सम्प्रेषण गर्न खोजेको विचार, भाव, अनुभूति तथा कथ्य विषय समाख्याताको माध्यमबाट हुने भएकाले समाख्याता नै वाच्यत्व हो ।मिखाइल बाख्तिनका अनुसार पाठनिष्ठ वाच्यताका रूपमा समाख्याता (पाठको कथावाचकीय वाचयता) र चरित्रहरू आउँछन् ( गौतम, २०६९,पृ. १) । यसो हुनाले कथामा वाच्यत्व समाख्याताले पात्रका माध्यमबाट प्रस्तुत गरेको वा वर्णन गरेको विषयको आधारमा पहिचान गर्न सकिन्छ ।

'एक अर्को खाडल' कथामा तृतीय पुरुष समाख्यान रहेको छ । यहाँ कथामा प्रस्तुत नभएको समाख्याताले कथा भनेको छ र अरु पात्रहरूलाई समावेश गरेर कथा भनिरहेको छ । यो लेखकीय समाख्यान पनि हो । यसमा आगन्तुकको अवस्था वा स्थितिको माध्यमबाट कथा भनिएको छ र कथाको संसार बारे पनि यावत कुरा थाहा छ । यसलाई तलको साक्ष्यबाट प्रष्ट पार्न सकिन्छ :

साक्ष्य ५

> ऊ खाडल खन्दै टक्क रोकियो । ऊ थकाइले लखतरान भएको थियो । उसले दाहिने हातको बाहुलाले अनुहारको पसिना पुछ्दै लामो सुस्केरा छाड्यो । उसले दायाँबायाँ हेर्‍यो । उसका साथीहरू पनि लहरै खाडल खनिरहेका थिए । ऊ अँध्यारोमा तिनका अनुहारहरू ठम्याउन सक्दैन, तर जमिनमा लगातार बज्रिरहेका कोदालो, फरुवा र बेल्चाको एकसुरो आवाज र खाडल खन्नेका गलाबाट निस्किरहेको हँ हँ हँ स्वरलहरीले ऊ अनुमान गरिरहेको थियो कि छिटो खाडल खन्नका लागि सबै जना व्याकुल भइरहेका छन् । (पृ ६७-६८)

यसमा समाख्याताको वाच्यतासम्बन्धी सूचना ज्यादै कम रहेको छ । यहाँ अवस्थाको वर्णन नै समाख्याताको कार्य रहेको देखिन्छ । यसमा प्रस्तुत विषयवस्तुले विचार र भावको सङ्केतनबाट प्राप्त हुने सूचना कम रहेको छ । कथाको पात्र 'ऊ' रहेको र ऊ खाडल खन्ने कार्यमा लागिरहेको अवस्थामा थाकाइले लखतरान भएको हुनाले एकछिन अडिएर पसिना पुछेर सुस्केरा छाडेदै यताउता हेरेको छ । उसले अध्यारो ठम्याउन सकेको छैन तर कोदालो, फरुवा र बेल्चाको एकसुरो आवाजले खाडल खनिरहेको अवस्थाको महसुस गरेको छ । यहाँ युद्ध भएपछि मृत्युवरण गरेका छापामारहरूलाई पुर्नको लागि खाडल खनिरहेको अवस्था रहेको छ । युद्धले मानवीय क्षति निम्त्याउने सङ्केत माथिको साक्ष्यले दिएपनि युद्धको परिवेशमा नै समाख्याताको वाच्यतासम्बन्धी सीमित सूचना यस कथाशंमा रहेका छन् ।

पाठमा समाख्याताको बारेमा सिमित मात्र होइन समाख्यानको वाच्यता बारे प्रशस्त सूचना पनि हुने गर्दछ । यस प्रकारका सूचना प्रस्तुत हुँदा समाख्याताले परिस्थितिको वर्णनको साथै पात्रको मानसिक अवस्था र भाव तथा विचारलाई पनि समाविष्ट गरेका हुन्छन् । यस सन्दर्भमा तलको साक्ष्य सान्दर्भिक हुन्छ :

*साक्ष्य ६*

> 'उसको मृत्युपछि नै मैले आफूलाई सँभालेँ र खाडलमा पुरिन आएका आफ्ना सहकर्मीहरूको लास हेर्दै कल्पिन र बरबरी आँसु खसान्ल छाडेँ ।' उसले आफ्नो हृदय यी श्रृङ्खलाबद्ध अनुभवहरले दह्रो बनेको महसुस गर्‍यो तर हरेक पटक एउटा अर्को नयाँ खाडल खन्दा उसको हृदयमा पीडाको एक अर्को चिसो लहर उठ्ने गर्दछ । र, नयाँ खाडलमा पुरिँदै गइरहेको मानव आकृतिहरूको कल्पना गरेर ऊ एक निमेष भए पनि बहुलाउने गर्छ । (पृ७०)

उक्त साक्ष्यमापरिवेश र परिस्थिति साथै मानसिक अवस्था वाच्यत्वको सूचकको रूपमा आएको छ । यहाँ 'ऊ' पात्रले आफूसँग मायाँप्रेम गाँसेकी सहकर्मीलाई गोली लागी मृत्यु भएपश्चात् खाडलमा पुरिसकेको सङ्केत

भएको छ । आफूलाई माया गर्ने सहकर्मीको मृत्युपश्चात् उसले ऊ झन कठोर बन्ने परिस्थिति सिर्जना भएको छ । तर, ऊ आफ्नो जीवनमा घटेका यस्ता घटनाहरूलाई श्रृङ्खलाबद्ध रूपमा सम्झेको हुनाले हृदय पीडाले भरिएको छ र उसले खनेको नयाँ खाडलमा पुरिएका नयाँ आकृतिको कल्पना गरेर बहुलाजस्तै भएको अवस्थाले मानसिक पीडाको अवस्था देखिएको छ । यसमा'ऊ' पात्रको बारेमा धेरै कुरा बताइएको छ । समाख्यता महिला वा पुरुष कुन हो पहिचान स्पष्ट नभए पनि मृत्युको बारेमा प्रस्तुत विचार उसको अनुभूति हो र युद्धको चपेटामा परेका मानिसहरूले नयाँ व्यवस्था स्थापनाको लागि दिएको आहुति हो भन्ने सङ्केत एकातिर रहेको छ भने अर्कोतिर "ऊ एक निमेष भए पनि बहुलाउने गर्छ" भन्ने पदावलीमा विषयवस्तुलाई निकै मर्मस्पर्शी रूपमा प्रस्तुत गरेर युद्धको पीडा जनमानसमा रहेको विचार व्यक्त भएको छ ।

यहाँ समाख्याता 'ऊ' पात्रप्रति सहानुभूति राख्दछन् र खाडल खन्नु पर्ने परिवेशलाई जनताको आहुतिसँग जोड्दै यस प्रकारको आहुतिले कसले के पायो ?भन्ने प्रश्न पनि उब्जाउन पनि सफल रहेका छन् । युद्धले गर्दा निम्त्याएको मानवीय क्षतिलाई अमानवीय तवरबाट खाडलमा पुर्ने अवस्थामा 'ऊ' पात्रले आफ्नो स्मृतिमा ल्याउँदै विस्मृतिको गर्भमा बिलिन गराउने गरेको छ ।यस सन्दर्भमा तलको साक्ष्य सान्दर्भिक ठहर्दछ :

*साक्ष्य७*

> खाडलमा पुरिने ऊ मात्र एक्ली थिइन । आफ्ना धेरै सहकर्मीहरूलाई उसले आफ्नै हातले खाडलमा पुरेको थियो ती सबै 'मृत्युभक्तहरू' अहिले विस्मृतिको गर्भमा बिलाइसकेका थिए । नयाँ खाडलले पुरानो खाडलको इतिहासलाई विस्थापित गऱ्यो र खाडलसँगै त्यसमा पुरिएकाहरूको समग्र परिचय पनि विखण्डित हुन्थ्यो । (पृ७०)

यस साक्ष्यमा समाख्याताको आवाज दशवर्षे द्वन्द्वको अवस्थामा खाडलमा पुरिएर इतिहासविहिन भएकाहरूप्रति समवेदना प्रकट गर्ने तर्फको सङ्केत रहेको छ । समाख्याताले 'ऊ' पात्रकी आफ्नी प्रेमीका संगै अन्य धेरै सहकर्मीहरूलाई पनि त्यस्तै खाडलमा पुरेको अहिले विस्मृतिको गर्भमा बिलाइसकेको बताएको छ । नयाँ खाडलले पुरानो खाडलको इतिहासलाई विस्तापित गऱ्यो भन्नेदार्शनिक विचारलाई आएको छ । यस विचारलाई प्रभावकारी रूपमा बताउन 'ऊ' पात्रको अवस्था, उसकी प्रमीका र सहकर्मीहरूलाई खाडलमा पुरेको प्रसङ्ग आएको छ । यस आधारमा उक्त साक्ष्यमा दार्शनिक विचारयुक्त वाच्यता प्रस्तुत भएको छ ।

युद्धले निम्त्याएको पीडा कठोर हुन्छ ।जब हृदय विदारक अवस्था आउँछ, मानिसले ईश्वरको कामना गर्दछ । त्यस्तै कथामा पनि युद्धको अवस्थामा खाडल खन्ने जिम्मा पाएको 'ऊ' पात्रले भर्खरै हात उठाउदै गएका सहकर्मीहरूलाई क्षतविक्षत लासमा परिणत भएर आएर खाडलमा पुर्नुपर्ने दुःख र पीडाको बेलामा कमरेडहरूको आज्ञाको पालना गरिरहेको छ तर उसले कमरेडहरूले ईश्वर मनको भ्रम भएको बताए पनि ईश्वर सम्झेको छ । यस सन्दर्भमा तलको साक्ष्य सान्दर्भिक देखिन्छ :

*साक्ष्य ८*

> हे ईश्वर, मैले यस्तो दृष्य देख्नु नपरोस् १ उसले मनमनै कामना गऱ्यो । उसको कमरेडले सयौ पटक उसलाई संसा।मा कहीँकतै ईश्वर नभएको र त्यो मात्र मान्छेको मनको भ्रम भएको बताए पनि उसले दुःख र पीडाको बेला जहिले पनि ईश्वरकै नाम लिन मन लाग्छ । आफू सङ्कटमा परेको बेला ऊ लुकीलुकी ईश्वरकै नाम जप्ने गर्छ र तत्पश्चात् कमरेडको उपदेश स्पमरण गर्दै अपराधबोधले ग्रसित हुने गर्छ । (पृ७१)

यस साक्ष्यमा तृतीय पुरुष वाच्यत्वको प्रयोग भएको छ । यहाँ समाख्याता कथावाचक, कर्ता र भोक्ता 'ऊ' पात्र रहेको छ । यहाँ कथा सुनाउँदै आएको समाख्याता कथा संसारमा आफू सहभागी रहेको छैन् । युद्धको अवस्थामा खाडल खनेर युद्ध लडेर संसार जित्ने सपना बोकेका आफ्ना सहकर्मीहरूलाई जनावर भन्दा पनि तल्लो स्तरको प्रक्रियाबाट पुर्नुपर्ने अवस्थामा दुःख, पीडामा उसले ईश्वरको कामना गरेको छ । त्यसपछि 'ऊ' पात्रले कमरेडको उपदेश स्मरण गरेर अपराधबोध समेत गरेको छ । यसबाट एकातर्फ मानिसको कर्तव्यबोध र अर्कोतर्फ मानिसमा मानवीयता अझै विलिन नभैसकेको साथै मानवमा संवेदना जिवित रहेको वाच्यत्व सशक्त रूपमा आएको छ ।

कथामा प्रस्तुत समाख्याताले गरेको वर्णन, टिप्पणी, मूल्याङ्कन र व्यक्त भएको विचारबाट समाख्याताको वाच्यता प्रकट हुने गर्दछ । यस कथामा पनि प्रस्तुत कार्य र पात्रहरू समाख्याताकै इसारामा डोरिएका छन् । यहाँ युद्धमा लडेर ज्यान गुमाउनेहरूको आहुतिले देशले नयाँ सिर्जना हुन सक्दैन । यसले मानवीय क्षतिको साथथाथै अमानवीय व्यवहारलाई प्रत्साहन गर्नेछ भन्ने समाख्याताको वात्यत्व रहेको देखिन्छ । युद्धमा कमरेडहरूले ज्यान गुमाउनु परेको र उनीहरूको नाम इतिहासको पानामा नहुने र उनीहरूलाई पशुसमान खाडलमा पुरिएको अवस्था र परिवेशले मानवीय संवेदनामा आघात पुऱ्याएको छ भने आफ्नै दाजुभाइको ज्यान लिने प्रवृतिलाई ठीक हो भनेर समर्थन गर्न सकिदैन भन्ने विचार पनि कथामा आएको छ । यस सन्दर्भमा कथाको तलको अंश उल्लेखनीय रहेको छ

*साक्ष्य ९*

> छापामारका लासले उसले खनेका खाडल पनि पुरिएर खाडलमाथि लासहरूको खात खडा भइसकेको थियो । ऊ आँखाभरि आँसु पार्दै काटिएको मुढोझैँ लम्पसार छापामारहरूको लास एकोहोरो हेरिरहेकै थियो कि डोकामा लास बोकेर फेरि अर्को हूल आयो । खनेका खाडलहरू सबै पुरिइसकेका थिए । नयाँ लासहरूका लागि त्यहाँ अर्को खाडल थिएन । (पृ७२)

माथिको साक्ष्यमा 'ऊ' पात्रले खनेको र अरु खाडलहरूमा छापामारहरू पुरिइसकेका थिए जुन युद्धमा मृत्युवरण गरेको अवस्थामा त्यहाँ ल्याइएको थियो तर डोकोमा लास बोकेर आउनेको क्रम रोकिएको थिएन किनकि युद्धमा त्यो दिन छापामारतर्फ ज्यादै क्षति भएको थियो । त्यो क्षति भनेको मानवीय क्षति हो । यस्तो परिवेशमा 'ऊ' पात्र खाडल खन्नु उसको कर्तव्य थियो भने आँखाभरि आँसु पार्दै रुनु उसको मानवीय संवेदना थियो । यस्तो परिस्थितिको वर्णन गरेरसमाख्याताले युद्धले विकास होइन विनास निम्त्याउने र युद्धको कहरले मानवता साथै मानवीय संवेदनामा ठेस पुगेको छ भन्ने वाच्यत्व प्रस्तुत गरेका छन् ।

समग्रमा प्रस्तुत कथामा समाख्याताले गरेको वर्णन, टिप्पणी र व्यक्त गरेको विचारको माध्यमबाट समाख्यातको वात्यत्व प्रकट भएको छ । कथामा प्रस्तुत भएको परिवेश, परिस्थिति र 'ऊ' पात्रको मानसिक र शारीरिक अवस्थाको वर्णनले समाख्याताको निर्णयक भूमिका रहेको देखिन्छ । दशवर्षे युद्धको समयमा युद्धको चपेटामा परेका छापामार र मिलेसियाको परिवेशगत यथार्थ चित्र प्रस्तुत गरिएको छ भने मानसिक अवस्थाको पनि चित्रण गरेर मानवीय संवेदनाका विषयको पनि उठान गरिएको छ । कथामा प्रस्तोताको रूपमा उपस्थित समाख्याताको माध्यमबाट छापामार साथै मिलेसिया बनेका कलिला युवायुवतीहरू युद्धमा जीवन उत्सर्ग गरी संसार जित्ने सपना देखे पनि खाडलमा पुरिइनुपर्ने हृदयविदारक अवस्थाको वर्णन भएको छ । 'ऊ' पात्रले आफ्ना बा, आफ्नी प्रेमीका लगायत कैयौ छापामार र मिलेसियाहरूलाई खाडलमा पुर्दा उसले बेहोर्नु परेको दुःख र पीडाको सीमा नरहेको साथै ऊ मानसिक रूपमा बहुलाझैँ बन्ने गरेको अवस्थालाई समाख्याताबाट मानसिक चित्रात्मक प्रस्तुतिबाट कथामा वर्णन भएको छ । असह्य युद्धको पीडा बोकेर मानिस हिडिरहेको र युद्धकैकारणले मानवीय क्षति भएको अवस्थामा मानवीय संवेदना अझै हराएको छैन भन्ने विषय 'ऊ' पात्रको कहिले रुने, कहिले बहुलाए जस्तै हुने, टोलाउने, आँखा आँसुले भरिएका हुने, ईश्वरको पुकार गर्ने आदि शारीरिक र मानसिक अवस्थाबाट देखाइएको छ । यस आधारमा युद्धले मानिसमा दुःख, पीडा, डर, त्रास थपेको र मानिसलाई पशुसमानको अवस्थामा पुऱ्याएको हुँदा मानवीयता र मानवीय संवेदनाको ह्रासलाई जोगाउन यद्धको अन्त्य हुनु पर्ने जस्ता विचारहरू समाख्याताका वाच्यत्व बनेर कथामा प्रस्तुत भएका छन् ।

## निष्कर्ष

महेशविक्रम शाह नेपाली साहित्यको आकाशमा द्वन्द्व कथालाई यथार्थ रूपमा प्रस्तुत गर्ने सशक्त कथाकार हुन् । उनको 'एक अर्को खाडल कथा दशवर्षे द्वन्द्वमा भएको मानवीय क्षति र नेपाली मानसिकतामा परेको आघातलाई यथार्थ रूपमा प्रस्तुत छ । यस लेखमा कथालाई समाख्यानशास्त्रीय दृष्टिले हेरिएको छ । समाख्यानशास्त्रीय दृष्टिले कथाको अध्ययन गर्दा वाच्यतालाई आधार बनाएर समाख्याताको पहिचान र समाख्यानमा वाच्यत्वलाई केलाइएको छ । समाख्याताको पहिचान गर्दा नेपाली कथाहरूमा जस्तै यस कथामा पनि समाख्याताको विशिष्ट भूमिका देखिन्छ । यसमा स्वकथनात्मक समाख्याता नभएर परकथानात्मक समाख्याता रहेको छ । कथामा हामीले समाख्याताको आवाज सुन्छौँ र यहाँ कथाको समग्र प्रस्तुति समाख्याताले नै गरेको छ । यसमा एकल

समाख्याता रहेको छ र उसले एक्लै कथा भनिरहेको छ। समाख्याताले 'ऊ' पात्रको बारेमा भनेको छ, बुझेको छ र उसको परिवेश तथा परिस्थिति देखेको छ। कथामा 'ऊ' पात्र कर्ता, भोक्ता रहेको छ भने समाख्याता द्रष्टा, सर्वज्ञ रहेको छ। कथामा समाख्याताले आफ्नो परिचय दिँदैन,'ऊ' पात्रको बारेमा कथा भनिरहेको छ र उसको मानसिकताको पनि विचरण गरिरहेको हुनाले समाख्याताको पहिचान गर्दा समाख्यातालाई 'ऊ' पात्र, उसको परिवेश, घटनाक्रमको बारेमा सबै थाहा भएको साक्षीको रूपमा देखिन्छ। 'म' वा 'हामी'को माध्यमबाट कथा नभनिएको हुनाले यहाँ तृतीय पुरुष समाख्याता रहेको छ।उसको पहिचान कथामा सर्वदर्शी, तटस्थ, परकथानात्मक, पुरुषको पहिचान नभएको, खुलाको अपेक्षा बन्द समाख्याताको रूपमा रहेको छ। प्रस्तुत कथामा समाख्याता वर्णनकर्ता, टिप्पणीकर्ता र मूल्याङ्कनकर्ताको रूपमा आएर वाच्यत्व प्रकट भएको छ। समाख्यानमा वाच्यत्वको प्रयोगले विचार तथा कथ्य विषयमा स्पष्टता आएको छ। कथामा समाख्याताले आफ्नो विचारलाई पात्रको विचार सरह वर्णन गर्दा पात्रको भित्री तहमा गएर बोलेको छ। यसो गर्दा 'ऊ' पात्रको मानसिकतामा परेको प्रभाव पक्षघातले आक्रमण गरेझैँ, मानसिक विक्षिप्त र असन्तुलित बनेको, शारीरिक परिश्रम र मानसिक चिन्ताले ग्रसित भएको, कहिले रुने, कहिले हाँस्ने, कहिले काहीँ बहुलाउने गरेको अवस्था देखाइएको छ। 'ऊ' पात्रले आफ्नै बाबु, आफ्नी प्रेमीका, कैयौँ सहयात्री छापामार र मिलिसियाहरू खाडल खनेर पुरिसकेको छ। ऊ यस्तो रक्तयुद्धको अकल्पनीय बर्बरताले देख्दा भय, आतङ्क साथै करुणिक मानसिक विक्षिप्तताको अवस्थामा पुगेको छ। यो दशवर्षे युद्धले निम्त्याएको त्रासद, जनमानसको मानसिकता र मानवीय क्षतिको छर्लङग तस्बिर हो। क्षतविक्षत लासहरू देख्दाको मानसिकता प्रस्तुत गरी समाख्याताले सशस्त्र द्वन्द्व र युद्धको दुःख र पीडाले मानव हृदय संवेदनशील बनेको वाच्यत्व प्रकट भएको छ। त्यस्तै 'ऊ' पात्रको परिवेश र परिस्थितिबाट मानव हृदय चहऱ्याइरहेको यस्तो अवस्था विनास र मानवता ह्रासको कारक भएकालेमानवका करुण मानसिक चित्कार र क्रन्दनमाथि टेकेर देश कहिल्यै मुस्कुराउन सक्दैन। त्यसैले यस कथामा आम नागरिकले एक दशकमा भोग्नु परेको दुःख, कष्ट र मानवीय क्षतिलाई यथार्थ रूपमा प्रस्तुत गरी शान्तिको सङ्केत गर्नु र कहिल्यै युद्धको पीडाहरूझेल्नु नपरोस् भन्ने वाच्यत्व मूल रूपमा प्रकट देखिन्छ।

## सन्दर्भसूची


गौतम, देवीप्रसाद. (२०६९). समाख्यानात्मक वाच्यत्व. *प्राज्ञिक संसार* (वर्ष १, अङ्क ६). काठमाडौं : जुगल पब्लिकेशन प्रा.लि.।

न्यौपाने, नेत्रप्रसाद. (२०६९). खीर कथाको समाख्यानशास्त्रीय विश्लेषण. *प्राज्ञिक संसार* (वर्ष १, अङ्क ६). काठमाडौं : जुगल पब्लिकेशन प्रा.लि.।

भट्टराई, गोविन्दराज (२०६३). यी अभिघातका कथाले मुटु हल्लाउन थाल्छन्. *छापामारको छोरा* (भूमिका). काठमाडौं : साझा प्रकाशन।

मल्ल, 'गोठाले', गोविन्दबहादुर (२०६३). यी कथाहरूले नेपाली साहित्यलाई धेरै माथि उठाउनेछन्. *छापामारको छोरा* ( भूमिका). काठमाडौं : साझा प्रकाशन।

शर्मा, यादवप्रसाद(२०६९). मैले सरिताको हत्या गरेँ कथाको समाख्यान शास्त्र. *प्राज्ञिक संसार* (वर्ष १, अङ्क ६). काठमाडौं : जुगल पब्लिकेशन प्रा.लि.।

शाह, महेशविक्रम (२०६३). *छापामारको छोरा.* काठमाडौं : साझा प्रकाशन।